United Nations Free & Equal

पारलैङ्गिक

FREE & EQUAL
UNITED NATIONS FOR LGBTI EQUALITY

लैङ्गिक पहिचान भन्नाले व्यक्तिको लैङ्गिकता सम्बन्धीको आत्मानुभूती हो । पारलैङ्गिक व्यक्ति भन्नाले जन्मँदा यौनाङ्गका आधारमा इङ्गित गरिएको लिंगसँग मेल नखाने लैङ्गिक पहिचान भएका व्यक्तिहरू हुन् । पारलैङ्गिक व्यक्तिहरूले आफूलाई पहिचान गर्न विभिन्न शब्दहरूको प्रयोग गर्न सक्दछन् पुरुष, महिला, पारलैङ्गिक पुरुष, पारलैङ्गिक महिला । यसै गरी गैर-द्वयसांखिक लैङ्गिक पहिचान भएका व्यक्तिहरूले हिजडा, तेस्रोलिङ्गी, टु-स्पिरिट, ट्राभेस्टि, फाफाफिने, जेण्डर क्वयेर, ट्रान्सपिनोइ, मुक्स्, वारिआ, मेटी, इत्यादी । लैङ्गिक पहिचान र यौन अभिमुखिकरण फरक हुन् । पारलैङ्गिक व्यक्तिहरूको जुनसुकै पनि यौन अभिमुखिकरण हुन सक्छ, जस्तै विषमयौनिक, समयौनिक, द्वियौनिक या अयौनिक ।

धेरै पारलैङ्गिक व्यक्तिहरू आफूले रोजेको नाम र आफ्नो लैङ्गिकता कानुनी रूपले मान्यता पाएको तथा आफ्नो औपचारिक परिचयपत्र कागजातहरूमा झल्केको चाहन्छन् । आफ्नो लैङ्गिक पहिचानलाई पुष्टि गर्न वा व्यक्त गर्न धेरैले आफ्नो शारीरिक स्वरूप पनि फेर्ने गर्दछन्, जस्तै आफ्नो पहिरणको शैली । केही पारलैङ्गिक व्यक्तिहरू - सबैजना नहुन सक्छ - यौनाङ्ग परिवर्तन शल्यक्रिया र/वा हर्मोन थेरापि गर्ने गर्दछन् । विश्वभरी नै पारलैङ्गिक व्यक्तिहरूका लागि हिंसा, दुर्व्यवहार र विभेदको अत्युच्च जोखिम छ । बुलिङ र मौखिक दुर्व्यवहार देखि लिएर स्वास्थ्य सेवा, शिक्षा, रोजगार तथा आवाजबाट वञ्चित गराइने, अपराधिकरण, बिनाकारण गिरफ्तारी र हिरासतमा लिने, हिंसा, आक्रमण, यातना, बलात्कार र हत्या जस्ता मानव अधिकार हनन तथा उल्लङ्घन हुने गर्दछ । यी र यिनीहरूसँग सम्बन्धित हिंसाका घटनाहरूलाई अरु कारक, जस्तै उमेर, जातीयता, पेशा, आर्थिक समाजिक वर्ग वा अपाङ्गताले थप जोखिममा राख्दछ ।

पारद्वेषिता (पारलैङ्गिक व्यक्तिहरू प्रति घृणा) उन्मुख हत्या, हिंसा र यातना

राष्ट्रिय अधिकारीहरूसँग असंगत डाटाको अभावका कारण हिंसाको पूर्ण प्रसारको पदचिन्ह भेटाउन गाह्रो भएतापनि, रिपोर्टहरूले के संकेत गर्दछ भन्दा हरेक वर्ष घृणाबाट उत्प्रेरित आक्रमणहरूमा हजारौँ पारलैङ्गिक व्यक्तिहरूको हत्या वा निर्घात कुटपीट गरिन्छ ।

पारलैङ्गिक हत्या निगरानी परियोजनाले ६६ देशहरूमा सन् २००८ देखि २०१६ को अन्तरालमा २,००० भन्दा बढी हत्याहरूको अभिलेखिकरण गरेका थिए, जुन प्रति दिन २ हत्याको दरले रहेको छ । हिंसा विरुद्धको राष्ट्रिय गठबन्धन कार्यक्रमहरूले सन् २०१५ मा संयुक्त राष्ट्र अमेरिकामा १६ पारलैङ्गिक व्यक्तिहरूको हत्या भएको बताएका थिए - जसमा १३ जना कालो वर्णका पारलैङ्गिक महिलाहरू थिए । संयुक्त राष्ट्र संघले मुख्यतः पारलैङ्गिक महिला र हिरासतमा रहेका पारलैङ्गिक व्यक्तिहरू प्रति भएको निर्मम आक्रमणहरूको अभिलेखिकरण गरेका थिए ।

युरोपेली संघ मौलिक अधिकार एजेन्सीको एउटा सर्वेक्षण अनुसार सर्वेक्षणमा भाग लिएका एक तिहाई पारलैङ्गिक व्यक्तिहरूले विगत पाँच वर्ष भित्रमा आक्रमण भएको वा हिंसाको धम्की आएको बताए, जसमा अधिकांशले वर्षमा थुप्रै पटक यस्ता घटनाहरू भोगेका थिए । यस सर्वेक्षणमा नकरात्मक मनोवृत्ति, घृणावाच्य, हिंसा र विभेदको स्पष्ट अन्तर्सम्बन्ध देखिएको थियो ।

अपराधिकरण

धेरै देशहरूमा, कथित "विपरीत लैङ्गिकताको पोशाक लगाउने" वा "विपरीत लैङ्गिकताको नक्कल गर्ने" भनी अपराधिकरण गर्ने कानुन तथा नियमहरूका आधारमा पारलैङ्गिक व्यक्तिहरूलाई लक्षित पार्ने र पक्राउ गर्न गरिन्छ । धेरै जसो अधिकारीहरू पारलैङ्गिक व्यक्तिहरूको लैङ्गिक पहिचानलाई मान्यता दिन इन्कार गर्दछन् र उनीहरू समयौनिक हुन् भनेर गलत अनुमान गर्दछन् । फलस्वरूप समान लिङ्ग बीचको सम्बन्धलाई अपराधिकरण गर्ने देशहरूमा उनीहरूको यौन अभिमुखिकरणको मतलब नराखी पारलैङ्गिक व्यक्तिहरूलाई पनि अक्सर पक्राउ गर्ने र दुर्व्यवहार गर्ने गरिन्छ । यौन पेशालाई अपराधिकरण गर्ने कानुनको आधारमा पनि पारलैङ्गिक व्यक्तिहरू थुनामा पर्ने वा दुर्व्यवहार भोग्ने गर्दछन् ।

FREE & EQUAL
UNITED NATIONS FOR LGBTI EQUALITY

विभेद

स्वास्थ्य क्षेत्र, विद्यालय, रोजगार तथा आवास, साथै शौचालय प्रयोगमा समेत पारलैङ्गिक व्यक्तिहरूले व्यापक विभेद र लाञ्छना भोग्दछन् । लैङ्गिक पहिचानका आधारमा विभेद गर्नु अन्तर्राष्ट्रिय मानव अधिकार कानुन अन्तर्गत गैह्र-कानुनी हो ।

लैङ्गिक पहिचानको मान्यता

सबैजनालाई कानुन समक्ष एक व्यक्ति भनेर चिनिने अधिकार छ । कुनै अनावश्यक कष्टदायक र अपमानजनक प्रकृयात्मक आवश्यकता रहित पारलैङ्गिक व्यक्तिहरूको लैङ्गिक पहिचानको कानुनी मान्यता प्रदान गर्ने र जन्म दर्ता सहित औपचारिक कागजात पत्रहरूमा लिङ्गको महल परिवर्तन गर्ने अधिकारलाई संयुक्त राष्ट्र संघले समर्थन गरेको छ ।

यो अधिकार सबै क्षेत्रहरूमा हनन भएको छ । धेरै देशहरूले पारलैङ्गिक व्यक्तिहरूलाई आफ्नो लैङ्गिक पहिचानको कानुनी मान्यता प्राप्त गर्ने कुनै पनि सम्भावनालाई इन्कार गर्दछ । कानुनी मान्यता प्रदान गर्ने धेरै जसो देशहरूले पनि पारलैङ्गिक व्यक्तिहरूलाई बन्ध्याकरण, यौनाङ्ग परिवर्तन शल्यक्रिया वा उपचार, लैङ्गिक पहिचान विकारको मनोचिकित्सक निदान, पार्पाचुके तथा मनोरोगी संस्थाहरूमा बन्द गर्ने जस्ता अनेक मापदण्ड पूरा गरेर मात्र उनीहरूको पहिचानलाई मान्यता दिने गरेको छ । अधिकांश देशहरूमा नाबालिग र गैर-द्वयसांखिक व्यक्तिहरूलाई आफ्नो लैङ्गिक पहिचानको मान्यता सम्बन्धी कुनै प्रकारको पहुँच हुँदैन ।

पारलैङ्गिक हुनु कुनै रोग होइन

पारलैङ्गिक बच्चा तथा वयस्कहरूलाई उनीहरूको लैङ्गिक पहिचान वा प्रस्तुतीकरणका आधारमा अक्सर रोगी ("मानसिक रूपमा अस्वस्थ") भन्ने नामपत्र भिराइन्छ । पारलैङ्गिक हुनु मानव प्रकृतिको धनी विविधताकै एउटा पाटो हो । फरक हुनुलाई विकारको रूपमा व्यवहार गरिनुहुँदैन । मानसिक रूपमा अस्वस्थ भन्ने धारणा नै पारलैङ्गिक व्यक्तिहरू प्रति हुने मानव अधिकार हनन तथा उल्लङ्गनको मुख्य कारण हो भनी संयुक्त राष्ट्र संघले हाइलाइट गरेका छन् ।

स्वास्थ्य

केही पारलैङ्गिक व्यक्तिहरू शल्यक्रिया र हर्मोन थेरापि सहित यौनाङ्ग परिवर्तनका प्रकृयाहरू खोज्ने गर्दछन् । सबै पारलैङ्गिक व्यक्तिहरूले यो गर्न चाहदैनन् र यस्ता प्रकृयालाई लैङ्गिक पहिचानको मान्यताका निम्ति आवश्यक मापदण्ड कहिल्यै बनाइनु हुँदैन । कतिपय देशहरूमा यस्ता प्रकृयाहरू उपलब्ध छैन । उपलब्ध भएको खण्डमा पनि अक्सर महङ्गो हुने गर्दछ र सार्वजनिक तथा निजी बीमाले यसको खर्चहरू समेट्दैन । हिंसा, लाञ्छना, विभेद र स्वाश्य सेवामा पहुँचको अभावका फलस्वरूप अन्य जनसङ्ख्या भन्दा पारलैङ्गिक व्यक्तिहरूको मानसिक तथा शारीरिक स्वास्थ्यमा नकरात्मक परिणाम पर्दछ । स्वास्थ्य सेवा व्यवसायीहरूको पूर्वाग्रही सोच तथा तालिमको कमीले यस समस्यामा थप टेवा पुर्याउँछ ।



सुरक्षाका तत्वहरू

UNITED NATIONS HUMAN RIGHTS

FREE & EQUAL
UNITED NATIONS FOR LGBTI EQUALITY

चाल्नुपर्ने कदमहरू

राज्य :

1 रोजगार, शिक्षा, स्वास्थ्य सेवा, आवास, शौचालयको प्रयोग, सार्वजनिक सुविधामा सहित लैङ्गिक पहिचान र लैङ्गिक प्रस्तुतीकरणको आधारमा हुने विभेदलाई निषेध गर्ने विभेद विरुद्ध वृहत्तर कानुन तथा नीति नियम अपनाउनुपर्ने

2 पारलैङ्गिक व्यक्तिहरूलाई लैङ्गिक पहिचान वा प्रस्तुतीकरणको आधारमा पक्राउ गर्ने, हिरासतमा लिने वा दुर्व्यवहार गर्ने कानुनहरूलाई खारेज गर्नुपर्ने

3 घृणाद्वारा उत्प्रेरित अपराध तथा घृणावाच्य सम्बन्धी कानुनको दायरामा लैङ्गिक पहिचान तथा प्रस्तुतीकरणको आधारमा हुने त्यस्ता अपराधलाई पनि उल्लेख गर्नुपर्ने

4 जबरजस्ती चिकित्सा निदान, बन्ध्याकरण, उपचार वा पार्पाचुके जस्ता अपमानजनक मापदण्ड बिना नै स्वःपहिचानका आधारमा सरल प्रशासनिक प्रकृया मार्फत पारलैङ्गिक व्यक्तिहरूको लैङ्गिक पहिचानलाई कानुनी मान्यता प्रदान गर्नुपर्ने

5 पारलैङ्गिक व्यक्तिहरू विरुद्धका यातना तथा हिंसाका घटनाहरूको प्रभावकारी अभिलेखिकरण, उजुरी, छानबिन र कारवाही सुनिश्चित गरी पीडितलाई उपचार दिनुपर्ने

6 लाञ्छना, विभेद वा अपमानजनक मापदण्ड बिना यौनाङ्ग परिवर्तन प्रकृया सहित विभिन्न स्वास्थ्य सेवामा पहुँचको सुनिश्चितता गर्नुपर्ने

7 पारलैङ्गिक हुनुलाई रोगको मान्यता दिएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिकित्सक वर्गिकरणलाई हटाइनुपर्ने

8 पारलैङ्गिक तथा कुनै लैङ्गिकता अनुरूप नरहेका बच्चा तथा युवाहरूलाई हिंसा र विभेदबाट रक्षा गर्नुपर्ने र उनीहरूको लैङ्गिक पहिचानलाई मान्यता प्रदान गर्नुपर्ने

9 हिरासत र कारागारमा पारलैङ्गिक व्यक्तिहरूको लैङ्गिक पहिचानको सम्मान गर्नका लागि विशेष प्रावधानहरू अपनाउनुपर्ने र उनीहरूलाई हिंसा तथा विभेदबाट बचाउनुपर्ने

10 पारलैङ्गिक व्यक्तिहरूलाई सम्मनपूर्वक र समान व्यवहार गर्नका निम्ति प्रहरी अधिकारी, स्वास्थ्य सेवा प्रदायक, शिक्षक, न्यायाधीश, कारागार अधिकारी, अध्यागमन अधिकारी र अन्य अधिकारीहरूलाई तालिम प्रदान गर्नुपर्ने

11 उनीहरूको अधिकारमा प्रभाव पर्ने कुनै प्रकारको अनुसन्धान, ऐन कानुन तथा नीति नियम विकास गर्दा पारलैङ्गिक व्यक्तिहरू तथा संस्थाहरूसँग परामर्श लिने र सहभागी गराउने विषयलाई सुनिश्चित गर्नुपर्ने

Media: मिडिया :

1 पारलैङ्गिक व्यक्तिहरूका आवाजलाई पत्रपत्रिका, टेलिभिजन र रेडियोमा समावेश गर्ने

2 पारलैङ्गिक व्यक्ति तथा उनीहरूको अधिकारका चिन्तनहरूलाई गैह्र-पूर्वाग्रही, सन्तुलित र विभेद रहित ढङ्गले फिचेयर गर्ने

3 पारलैङ्गिक व्यक्तिहरूका बारेमा नकरात्मक र हानिकारक रूढीवर्गिकरणलाई प्रचार नगर्ने

4 मानिसहरूलाई सम्बोधन गर्दा उनीहरूले रुचाएको नाम, लैङ्गिकता जनाउने शब्द, सर्वनाम र व्याकरणात्मक लिङ्गको प्रयोग गर्ने

5 कुनै पनि व्यक्तिलाई उसको अनुमती बिना ऊ पारलैङ्गिक हो भन्ने कुरा उल्लेख गर्ने वा खुलासा गर्ने काम नगर्ने

6 पारलैङ्गिक व्यक्तिहरू प्रति सम्मानपूर्वक व्यवहार गर्न पत्रकारहरूलाई तालिम प्रदान गर्ने

तपाइँ, तपाइँको साथीहरू र अरु सबैले फरक पार्न सक्नुहुन्छ

1 पारलैङ्गिक व्यक्तिहरू, उनीहरूको मुद्दा तथा चिन्तनहरू बारे आफूलाई शिक्षित पार्नुहोस्

2 मानिसहरूलाई सम्बोधन गर्दा उनीहरूले रुचाएको नाम, लैङ्गिकता जनाउने शब्द, सर्वनाम र व्याकरणात्मक लिङ्गको प्रयोग गर्ने

3 पारलैङ्गिक व्यक्तिहरू विरुद्ध कुनै प्रकारको लाञ्छना, विभेद वा हिंसा देखुभएमा विरोध गर्नुहोस्

संयुक्त राष्ट्र संघ द्वारा अङ्ग्रेजी भाषामा प्रकाशित उक्त तथ्यपत्र क्वयेर युथ ग्रुपले अनुवाद गरेको हो।

UNITED NATIONS
HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER